श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३३ सालको ऐन नं. २९

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐ रामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### छात्रवृत्तिसम्बन्धी ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना: छात्रवृत्तिसम्बन्धी ऐन, २०२१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "छात्रवृत्तिसम्बन्धी (दोस्रो संशोधन) ऐन, २०३३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. छात्रवृत्तिसम्बन्धी ऐन, २०२१ को दफा ५ मा संशोधन: छात्रवृत्तिसम्बन्धी ऐन, २०२१ (यसपछि "मूल ऐन" भनिएको)को दफा ५ को उप-दफा (३) को खण्ड (क) मा रहेको "उप-दफा (१) बमोजिम प्रतिवेदन नगरेमा वा" भन्ने वाक्यांश झिकिएको छ ।

३. मूल ऐनको दफा ७ मा संशोधन: मूल ऐनको दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छ:—

"७. श्री ५ को सरकारले विगो निर्धारण गर्ने:– (१) श्री ५ को सरकारले यस ऐन-बमोजिम विगो असूल गर्दा छात्रवृत्तिको विषय, स्तर, अवधि तथा छात्रवृत्ति-

आधिकारिकता ९५ २ विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिम अध्ययन गर्ने वा तालीम लिने मुलुक र संस्थाको आधारमा बिगो निर्धारण गर्नेछ ।

(२) उप-दफा (१) बमोजिम बिगो निर्धारण गर्दा श्री ५ को सरकारले देहायका छात्रवृत्तिका सम्बन्धमा देहायबमोजिम बिगो निर्धारण गर्नेछः–

(क) चिकित्सासम्बन्धी विषयको छात्रवृत्तिका सम्बन्धमा न्यूनतम एकलाख अधिकतम दुई लाख रूपैयाँसम्म ।

(ख) खण्ड (क) मा उल्लेख भएको विषय बाहेक अन्य प्राविधिक विषयको छात्रवृत्तिका सम्बन्धमा न्यूनतम पचहत्तर हजार अधिकतम एकलाख पचास हजार रूपैयाँसम्म ।

(ग) अप्राविधिक विषयको छात्रवृत्तिका सम्बन्धमा न्यूनतम पचास हजार अधिकतम एकलाख रूपैयाँसम्म ।

(३) छात्रवृत्तिमा तालीम वा अध्ययन समाप्त गरी नेपाल अधिराज्यभित्र रही दफा ४ बमोजिमको शर्त उल्लंघन गर्ने व्यक्तिलाई बढीमा उप-दफा (२) मा उल्लेख भएको बिगोको आधासम्म बिगो श्री ५ को सरकारले निर्धारण गर्नेछ ।

(४) उप-दफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ५ को उप-दफा (१) को प्रयोजनको लागि श्री ५ को सरकारले घटीमा पचास हजार रूपैयाँ र बढीमा एकलाख रूपैयाँसम्म बिगो निर्धारण गर्नेछ।

(५) यस दफाबमोजिम श्री ५ को सरकारले निर्धारण गरेको बिगो सम्बन्धमा यस ऐनअन्तर्गत मुद्दा हेर्ने अधिकारीसमक्ष वा कुनै अदालतमा प्रश्न उठाउन सकिनेछैन ।

४. मूल ऐनमा दफा ७ क थप: मूल ऐनको दफा ७ पछि देहायको दफा ७ क. थपिएको छ :–

"७ क. श्री ५ को सरकारले राहदानी रद्द गर्न सक्नेः– नेपाल अधिराज्यबाहिर रही दफा ४ अन्तर्गतको शर्त उल्लंघन गर्ने व्यक्तिको राहदानी श्री ५ को सरकारले रद्द गर्न सक्नेछ ।"

लालमोहर सदर मितिः– २०३३।६।१०।१

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

6963

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) "करदाता" भन्नाले प्रचलित नेपाल कानूनबमोजिम कर तिर्नु पर्ने कर्तव्य भएको व्यक्ति सम्झनुपर्छ ।

(घ) "करसम्बन्धी विषय" भन्नाले प्रचलित नेपाल कानूनबमोजिम कर-अधिकृतसमक्ष विवरण पेश हुन बाँकी रहेको वा पेश भै रहेको विवरण अनुसार कर निर्धारण हुन बाँकी रहेको वा राजस्व न्यायाधीकरणमा साधक जाहेर भई सदर हुन वा पुनरावेदन परी अन्तिम निर्णय हुन बाँकी रहेको वा राजस्व न्यायाधीकरणमा पुनरावेदन दिने म्याद गुज्री निर्धारित कर रकम असूल गर्न बाँकी रहेको करसम्बन्धी विषय सम्झनुपर्छ ।

(ङ) "सूचित आदेश" भन्नाले यस ऐनअन्तर्गत श्री ५ को सरकारले नेपाल राजपत्रमा प्रकाशित गरेको सूचना सम्झनुपर्छ ।

३. आयोगको गठनः (१) यस ऐनबमोजिम करसम्बन्धी विषयमा कारवाई गरी फछर्यौट गर्नका लागि श्री ५ को सरकारले समय समयमा सूचित आदेशद्वारा कर फछर्यौट आयोगको गठन गर्न सक्नेछ ।

(२) आयोगमा श्री ५ को सरकारले तोकेबमोजिम करको विषयमा विशेष अध्ययन तथा दखल भएका तीनजना सदस्यहरू रहनेछन् जसमध्ये एकजनालाई अध्यक्ष तोकिनेछ ।

४. आयोगको अधिकार क्षेत्रको प्रयोगः– (१) आयोगको अधिकार क्षेत्रको प्रयोग सबै सदस्यहरूले सामूहिकरूपमा गर्नेछन् ।

(२) बहुमतको राय आयोगको निर्णय मानिनेछ ।

(३) तीनैजना सदस्यहरूको भिन्दा भिन्दै राय भई बहुमत कायम हुन नसकेमा अध्यक्षको राय आयोगको निर्णय मानिनेछ ।

(४) उप-दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दुईजना सदस्यहरूको उपस्थितिमा करसम्बन्धी विषयमा कारवाई र किनारा गर्न सकिनेछ ।

(५) उप-दफा (४) बमोजिम दुईजना सदस्यको उपस्थितिमा करसम्बन्धी विषयमा कारवाई वा किनारा गर्दा दुईजनाको मतैक्य हुन नसकेमा पहिले अनुपस्थित रहने सदस्यले समर्थन गरेको राय आयोगको निर्णय मानिनेछ । बहुमत कायम हुन नसकेमा उप-दफा (३) बमोजिम हुनेछ ।

५. आयोगको काम र कर्तव्यः– (१) आयोगले फछर्यौट गर्नुपर्ने करसम्बन्धी विषय र त्यसको किसिम तथा आयोगको अवधि श्री ५ को सरकारले सूचित आदेशद्वारा तोकिदिएबमोजिम हुनेछ ।

(२) उप-दफा (१) बमोजिमको सूचनामा तोकिएको अवधिभित्र कर फछर्यौटसम्बन्धी काम सम्पन्न गर्नु आयोगको कर्तव्य हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. आयोगको अधिकार:– (१) आयोगले कुनै करको सम्बन्धमा कारवाई गर्दा आयोगलाई सो करसम्बन्धी प्रचलित नेपाल कानूनबमोजिम श्री ५ को सरकार कर विभागको महानिर्देशक तथा कर अधिकृतलाई भएको सबै अधिकार प्राप्त हुनेछ ।

(२) आयोगले करदातासंग आपसी कुराकानी (निगोसियशन) द्वारा कर निर्धारण गर्न सक्नेछ ।

(३) आयोगले नेपाल अधिराज्यको जुनसुकै स्थानमा बसी आफूलाई तोकिएको काम गर्न सक्नेछ ।

(४) आयोगले आफूले गर्नुपर्ने काम कारवाईमध्ये केही काम कुनै करअधिकृतलाई सुम्पन सक्नेछ ।

७. राजस्वन्यायाधीकरणमा विचाराधीन रहेको करसम्बन्धी विषय:– (१) पुनरावेदन परी राजस्वन्यायाधीकरणमा विचाराधीन रहेको करसम्बन्धी विषयमा पुनरावेदक करदाताले आयोगबाट सो विषयको निर्णय गराई पाउन स्वीकृतिको लागि आयोगमा कारण समेत उल्लेख गरी निवेदन दिन सक्नेछ । यसरी निवेदन परी आयोगले कारण मनासिब देखेमा निवेदकलाई स्वीकृति प्रदान गर्न सक्नेछ ।

(२) उप-दफा (१) बमोजिम स्वीकृति प्राप्त भएपछि करदाताले राजस्व न्यायाधीकरणबाट आफ्नो पुनरावेदन फिर्ता लिन निवेदन गर्नु पर्नेछ र यसरी निवेदन परेमा राजस्व-न्यायाधीकरणले पनि सो पुनरावेदन फिर्ता लिन अनुमति दिनु पर्नेछ ।

तर, त्यस्तो करदाताले राखेको धरौटी उप-दफा (३) बमोजिम आयोगबाट अन्तिम निर्णय नभएसम्म फिर्ता गरिनेछैन ।

(३) उप-दफा (२) अनुसार पुनरावेदन फिर्ता लिएपछि सो करसम्बन्धी विषयमा आयोगले छानवीन गरी पुनः कर निर्धारण गर्न सक्नेछ ।

८. पुनरावेदनको म्याद गुज्रिसकेको करसम्बन्धी विषय:– (१) कर अधिकृतको निर्णय उपर राजस्वन्यायाधीकरणमा पुनरावेदन दिने म्याद गुज्रिसकेको करसम्बन्धी विषयमा सम्बन्धित करदाताले आयोगबाट सो विषयमा पुनः छानवीन गरी कर निर्धारण गर्न आयोगमा कारण समेत उल्लेख गरी निवेदन दिन सक्नेछ ।

(२) उप-दफा (१) बमोजिम निवेदन परी आयोगले कारण मनासिब देखेमा करअधिकृतबाट पहिले जारी भै सकेको कर निर्धारण आदेशउपर छानवीन गरी पुनः कर निर्धारण गर्न सक्नेछ ।

९. पुनः कर निर्धारण गर्दा करको अंक घटीबढी हुन सक्ने:– दफा ७ वा ८ बमोजिम आयोगले कर निर्धारण गर्दा शुरूमा कर अधिकृतले निर्धारण गरेको करको अङ्कभन्दा घटी वा बढी अङ्क निर्धारण गर्न सक्नेछ ।

६६६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. कार्य प्रणाली तोक्ने:— प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनको प्रयोजनको निमित्त कर निर्धारण तथा असूल गर्ने सम्बन्धमा आयोगले आवश्यकतानुसार कार्य प्रणाली तोक्न सक्नेछ र त्यसरी आयोगले तोकेको कार्य प्रणाली र त्यसको पालन भए नभए बारे कुनै अदालतमा प्रश्न उठाउन सकिने छैन ।

११. कर कार्यालयको कर्तव्य:— आयोगले आफ्नो कामको सिलसिलामा माग गरेको आवश्यक सूचना तथा विवरण प्राप्त गराई दिनु तथा आयोगद्वारा निर्धारित कर, जरीवाना, शुल्क आदि रकम प्रचलित नेपाल कानूनबमोजिम असूल-उपर गर्नु कर कार्यालयको कर्तव्य हुनेछ ।

१२. पुनरावेदन:— (१) दफा ६ को उप-दफा (२), दफा ७ र ८ बमोजिम आयोगले गरेको कर निर्धारणको निर्णय उपर पुनरावेदन लाग्नेछैन ।

(२) उप-दफा (१) मा लेखिएदेखि बाहेकको आयोगको अन्य निर्णयउपर देहायको कुनै प्रश्नमा प्रत्यक्ष कानूनी त्रुटी भई आयोगको निर्णय पूर्ण वा आंशिक रूपमा उल्टिने देखी सर्वोच्च अदालतले आफूसमक्ष पुनरावेदन गर्न अनुमति दिएकोमा मात्र आयोगको त्यस्तो निर्णयउपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्नेछ:—

(क) अधिकार क्षेत्रको प्रयोगको प्रश्न,

(ख) कानूनको व्याख्याको प्रश्न,

(ग) बुझ्नु पर्ने प्रमाण नबुझेको वा बुझ्न नहुने प्रमाण बुझेको प्रश्न,

(घ) बाध्यात्मक रूपमा पालन गर्नुपर्ने कार्यविधिसम्बन्धी कानूनको उल्लंघन भएको भन्ने प्रश्न ।

१३. पुनरावेदन गर्दा धरौट राख्नु पर्ने:— (१) आयोगको निर्णयउपर पुनरावेदन गर्दा कर निर्धारण भएकोमा निर्धारित करको रकम र जरीवाना भएकोमा जरीवानाको र दुबै भएकोमा दुबै रकम आयोगले तोकिदिएको कार्यालयमा धरौट नराखी पुनरावेदन लाग्नेछैन ।

(२) आयोगले उपयुक्त सम्झेमा उप-दफा (१) बमोजिम धरौट राख्नु पर्ने करको रकमको आधी नगदमा धरौट राख्न लगाई आधीका हकमा जेथाजमानी वा माथवर धन जमानी लिन सक्नेछ।

(३) करसम्बन्धी विषयमा कारवाई किनारा हुँदा कब्जामा लिइएको वा जफत गरिएको माल बस्तु सडी गली जाने वा त्यसको गुण ह्रास भई मोल घट्न जाने भएमा प्रचलित नेपाल कानूनबमोजिम लिलाम विक्री गरी आएको मोल धरौटीमा राखी करसम्बन्धी विषयमा ठहरेबमोजिम गर्नुपर्छ । सवारीको साधन वा मेशीनरी सामान भए मोल बापत धरौट जेथा जमानी वा माथवर धन जमानी लिई माल धनी जिम्मा दिन सकिनेछ ।

१४. लिखत गोप्य रहने:— आयोगमा प्रस्तुत गरिएका कागजपत्रहरू तथा आयोगको कारवाईको सिलसिलामा कुनै स्रोतबाट थाहा हुन आएका कुराहरू गोप्य राख्नु पर्नेछ । त्यस्तो कागजपत्रहरू र गोप्य कुराहरू कर निर्धारण वा असूलीको प्रयोजनको निमित्त बाहेक अन्य काममा

४६८
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रकाश गरिने वा कुनै अदालतमा प्रमाण लाग्ने छैन र श्री ५ को सरकारको अनुमति बिना कुनै अधिकारीले निरीक्षण वा अनुसन्धानको लागि समेत माग गर्न सक्नेछैन ।

१५. आयोगको विघटनः– (१) आयोगलाई काम फछर्यौट गर्न तोकिएको अवधि पूरा भएपछि आयोग स्वतः विघटन हुनेछ ।

(२) दफा ५ बमोजिम तोकिएको अवधिभित्र आयोगले आफूलाई सुम्पिएको काम पूरा गर्न नसकी कारण समेत उल्लेख गरी अवधि थप गर्न आयोगले निवेदन गरेमा वा श्री ५ को सरकारले सूचित आदेशद्वारा आयोगलाई अरू काम सुम्पिदिएमा श्री ५ को सरकारले आयोगको अवधि सूचित आदेशद्वारा थप गर्न सक्नेछ ।

(३) कुनै कारणवश आयोगलाई बीचमा विघटन गर्न आवश्यक देखेमा श्री ५ को सरकारले सूचित आदेशद्वारा आयोगलाई विघटन गर्न सक्नेछ ।

१६. विघटन भएको आयोगको दायरी केशः– आयोगलाई सुम्पिएको कार्य पूरा नगर्दै वा बीचैमा आयोग विघटन भएमा सो आयोगबाट कारवाई भई टुंगो लाग्न बाँकी रहेको करसम्बन्धी विषयहरू सम्बन्धित करअधिकृतमा र राजस्वन्यायाधीकरणबाट फिर्ता भई आएको पुनरावेदन सम्बन्धित राजस्वन्यायाधीकरणमा सर्नेछ ।

१७. असल नियतले गरेकोमा बचाउः– यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमबमोजिम असल नियतले गरेको वा गर्न खोजिएको कुनै काम कारवाईको निमित्त आयोग, आयोगका कुनै सदस्य वा आयोगको आदेश तथा निर्देशनबमोजिम काम गर्ने कुनै व्यक्तिको विरूद्ध कुनै मुद्दा वा कानूनी कारवाई चलाउन पाउनेछैन ।

१८. नियम बनाउने अधिकारः– यस ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियमहरू बनाउन सक्नेछ ।

लालमोहर सदर मितिः– २०३३।६।१०।१

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।